CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

४२

पूर्णाङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ .द. न. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

११ वर्ष

२ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन–मण्डलद्वारा)

सहयोगी–

रामजी तेवारी

यस अङ्कको मूल्य रु. ८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

पृष्ठ

१. ग्रहलाघवको पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार-
अनुसार पञ्चाङ्ग ल्याउने रीति —नयराज पन्त दिनेशराज पन्त ३३-६६

मासगण ल्याउने रीति ३३-३४
वारादि ल्याउने रीति ३४-३८
नक्षत्रध्रुव ल्याउने रीति ३८-३९
पिण्ड (चन्द्रमन्दकेन्द्र) ल्याउने रीति ४०-४२
घट्यात्मक सूर्यफल ल्याउने रीति ४२-४३
सूर्यनक्षत्र ल्याउने रीति ४३-४५
पिण्ड तथा घट्यात्मक पिण्डफल ल्याउने रीति ४५-४८
इष्टतिथिको समाप्तिकाल ल्याउने रीति ४८-५०
इष्टतिथिको नक्षत्र तथा त्यसको समाप्तिकाल ल्याउने रीति ५०-५२
इष्टतिथिको योग तथा त्यसको समाप्तिकाल ल्याउने रीति ५२-५४
राश्यादि स्पष्टसूर्य ल्याउने रीति ५४-५५
वि. सं. २०३५ फाल्गुनशुक्ल पूर्णिमाको उदाहरण ५५-६६

२. नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको
हमलासम्बन्धी दिनका गणना —नयराज पन्त दिनेशराज पन्त ६७-१०

मुकुन्द सेनले थानकोटमा आगो लाएको दिनको गणना ६७-८०
मुकुन्द सेनले कीर्तिपुरमा आगो लाएको दिनको गणना ८०-८४
मुकुन्द सेनले कीर्तिपुर जितेको दिनको गणना ८५-९३
मुकुन्द सेनले काठमाडौँमा घेरा हालेको दिनको गणना ९३-१००

३. नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको
हमलाको प्रमाणवाक्य (अनुवादसहित) —महेशराज पन्त दिनेशराज पन्त १०१-१०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रहलाघवको पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकारअनुसार पञ्चाङ्ग ल्याउने रीति

– नयराज पन्त
सहायक – दिनेशराज पन्त

१ प्रक्रम– मासगण ल्याउने रीति

द्व्यब्धीन्द्रो१४४२नितशक ईश११हृत् फलं स्याच्
चक्राख्यं रवि१२हतशेषकं तु युक्तम् ।
चैत्राद्यैः पृथगमुतः सदृग्२घ्नचक्राद्
दिग्१०युक्ताद् अमर३३फलाधिमासयुक्तम् ।।४।।

(ग्रहलाघव मध्यमाधिकार)

पदार्थ–

द्व्यब्धीन्द्रोनितशकः = १४४२ घटेको शकसंवत् । ईशहृत् = ११ ले भाग लिइएको । (कार्यः = गर्नू) । फलम् = लब्धि । चक्राख्यम् = चक्र नाउँ भएको । स्यात् = हुन्छ । रविहतशेषकं तु = १२ ले गुनिएको शेष ता। चैत्राद्यैः = चैत्रादि गतचान्द्रमासले । युक्तम् = जोडिएको । (कार्यम् = गर्नू । सौरमासगणः = सौरमासगण । स्यात् = हुन्छ ।) सदृग्घ्नचक्रात् = २ ले गुनिएको चक्र जोडिएको । दिग्युक्तात् = १० जोडिएको । पृथक् = भिन्नै ठाउँमा रहेको । अमुतः = यसबाट (सौरमासगणबाट) । अमरफलाधिमासयुक्तम् = ३३ ले भाग लिँदा आएको लब्धितुल्य अधिमास जोडिएको सौरमासगण । (चान्द्रमासगणः = चान्द्रमासगण । स्यात् = हुन्छ ।)

भावार्थ–

विक्रमसंवत्‌बाट १३५ घटाउनू , शेष शकसंवत् (शाके) हुन्छ । शकसंवत्‌बाट १४४२ घटाउनू , शेष वर्षगण हुन्छ । वर्षगणलाई ११ ले भाग लिनू, लब्धि चक्र हुन्छ । यहाँ आएको शेषलाई १२ ले गुनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुणनफलमा चैत्रादि गतचान्द्रमास जोड्नू, योगफल सौरमासगण हुन्छ ।

चक्रलाई २ ले गुन्दा आएको गुणनफल तथा १० सौरमासगणमा जोड्नू । योगफललाई ३३ ले भाग लिनू , लब्धि अधिमास हुन्छ । सौरमासगणमा अधिमास जोड्नू , योगफल चान्द्रमासगण हुन्छ। तल गणित गर्दा चान्द्रमासगणलाई मासगण सम्झी काम गर्नुपर्छ ।

२ प्रक्रम- वारादि ल्याउने रीति

मासाः स्वार्द्धयुतास्तिथेर्दिनाद्यं
तावत्यो घटिकाश्च माससङ्घात् ।
त्र्यंशाढ्याः सहितं द्वयत्रयाभ्यां
चक्रघ्नाक्षनवाङ्गवर्गयुक्तम् ॥१॥

(ग्रहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदार्थ-

मासाः = मासगण । स्वार्द्धयुताः = आफ्नो आधा जोडिएका। (कार्याः = गर्नू) । दिनाद्यम् = दिनादि । (स्यात् = हुन्छ) । तावत्यः = त्यति । घटिकाः च = घडी पनि । (स्युः = हुन्छन् । ताः = ती घडी) । माससङ्घात् = मासगणबाट । त्र्यंशाढ्याः = तीन खण्डको एक खण्ड जोडिएका । (कार्याः = गर्नू) । द्वयत्रयाभ्याम् = २ दिन ३ घडीले । सहितम् = जोडिएको । (फलम् = माथि आएको फल) । चक्रघ्नाक्षनवाङ्गवर्गयुक्तम् = चक्रले गुनिएका ५ दिन ६ घडी ३६ पलाले जोडिएको । (कार्यम् = गर्नू) ।

भावार्थ-

मासगणलाई २ ले भाग लिई आएको लब्धि मासगणमा जोड्नू , योगफल दिन घडी हुन्छ । यो पहिलो फल हो ।

पहिलो फलमा आएका दिन जति घडी, घडी जति पला हुन्छन् । यो दोस्रो फल हो ।

मासगणलाई ३ ले भाग लिनू, लब्धि घडी पला हुन्छ । यो तेस्रो फल हो ।

५ दिन ६ घडी ३६ पलालाई चक्रले गुनी दिनादि फल ल्याउनू । यो चौथो फल हो ।

२ दिन ३ घडी यो क्षेपक हो । यो पाँचौँ फल हो ।

पाँचवटा फलको योग गर्नू । दिनको सङ्ख्या ७ भन्दा बढ्ता भए ७ ले तष्ट गर्ने (७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ले भाग लिई शेष मात्र लिनू)। इष्ट चान्द्रमासको शुक्लपक्षके प्रतिपदाका प्रारम्भका वार घडी पला आउँछन् ।

ग्रहलाघवका प्रसिद्ध टीकाकार विश्वनाथको उदाहरण

शाके १५३४ कार्त्तिकशुक्ल १५ गुरौ मासगण: ५७ । उदाहरणम् । मासाः ५७ स्वार्धर८।३०युताः । जातं तिथिदिनाद्यम् ८५।३०। एतत्तुल्यघटिका अधः स्थापिताः ८५।११५।३०। एता घटिका माससङ्घ५७त्र्यंशे१९ योजिता नाड्यः ८५।१३४।३०। यथाक्रममूर्ध्वाधःस्थाने द्वयत्रयाभ्यां सहितम् ८७।१३७।३०। इदं चक्रघ्नाक्षनवाङ्गवर्ग४१।१६।४८युक्तम् १२८।१५४।१८। इदं घटिकास्थाने षष्टि-भक्तं वारस्थाने सप्ततष्टं जातम् ४।३४।१८। इदं देशान्तरपलैः ४८ सहितं जातं कार्त्तिकशुक्लप्रतिपदि वाराद्यम् ४।३५।६

१ प्रक्रमबाट मासगण ल्याइन्छ ।

वि. सं. १६६६ कार्तिकशुक्ल प्रतिपद्को गणना

वि. सं.	१६६६
	− १३५
शाके	१५३४
	− १४४२
वर्षगण	९२

११) ९२ (८ चक्र
८८
४ शेष
× १२
४८
+ ७ गतमास
५५ सौरमासगण
+ २ अधिमास
५७ चान्द्रमासगण (मासगण)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चैत्र १
वैशाख २
ज्येष्ठ ३
आषाढ ४
श्रावण ५
भाद्र ६
आश्विन ७

शाके १५३४ मा अधिमास परेको थिएन। यो कुरो वेङ्कटेश केतकरले दिएको अधिमासक्षयमाससारणीबाट बुझिन्छ।

```
   ८   चक्र
 × २
 ----
  १६
+ १०
 ----
  २६
+ ५५   सौरमासगण
 ----
  ८१

३३) ८१ (२ अधिमास
    ६६
    ----
    १५
```

२ प्रक्रमबाट वारादि ल्याइन्छ।

५७ मासगण

```
        दिन  घडी
२) ५७ (२८ । ३०
   ४
   ----
   १७
   १६
   ----
    १
  × ६०
   ----
१)  १
  × ३०
   ----
   ३०
   ३०
   ----
```

```
  दिन  घडी
  ५७।
+ २८ । ३०
 ---------
  ८५ । ३०  पहिलो फल

  घडी  पला
  ८५ । ३०  दोस्रो फल
```

```
३) ५७ (१९
   ३
   ----
   २७
   २७
   ----
```

```
घडी
१९  तेस्रो फल।
```

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिन	घडी	पला
५ ।	६ ।	३६
		× ८ चक्र
४० ।	७२ ।	२८८
१	४	४८
४१	७६	
	१६	

घडी	पला	
४१ ।	१६ ।	४८ चौथो फल

	दिन	घडी	पला
पहिलो फल	८५ ।	३०	
दोस्रो फल		८५ ।	३८
तेस्रो फल		१६ ।	
चौथो फल	४१ ।	१६ ।	४८
पाँचौँ फल	२ ।	३ ।	क्षेपक
	१२८ ।	१५३ ।	७८
	२	१	१८
	१३०	१५४	
		३४	

७) १३० (१८
७
६०
५६
४

१३० ।	३४ ।	१८
४ ।	३४ ।	१८

काशीको रेखान्तर धन ४८ पला

	वार	घडी	पला
	४ ।	३४ ।	१८
काशीको रेखान्तर +			। ४८
	४ ।	३५ ।	६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट बुधवार ३५ घडी ६ पलामा कातिकशुक्ल प्रतिपद्को प्रारम्भ हुने देखियो । यो गणना सध्यम हो ।

३ प्रक्रम- नक्षत्रध्रुव ल्याउने रीति

खं सप्ताष्टयमा०।७।२८श्च चक्रनिघ्ना
नागाम्भोधि४८घटीयुता भ२७शुद्धाः ।
द्वाभ्यां धूर्जटिभि२।११विनिघ्नमास-
र्युक्ता भध्रुवको भपूर्वकः स्यात् ॥२॥

(ग्रहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदार्थ-

खम् = ० । सप्त = ७ । अष्टयमाः = २८ । चक्रनिघ्नाः = चक्रले गुनिएका । (कार्याः = गर्नू)। नागाम्भोधिघटीयुताः = ४८ घडी जोडिएका । (कार्याः = गर्नू) । भशुद्धाः = २७ बाट घटेका । (कार्याः = गर्नू)। द्वाभ्याम् = २ ले । धूर्जटिभिः = ११ ले । विनिघ्नमासैः = गुनिएका मासगणले । युक्ताः = जोडिएका । (कार्याः = गर्नू) । भपूर्वकः = नक्षत्रादि । भध्रुवकः = नक्षत्रध्रुव । स्यात् = हुन्छ ।

भावार्थ-

० नक्षत्र ७ घडी २८ पलालाई चक्रले गुन्नू । गुणनफलमा ४८ घडी जोड्नू । योगफलको नक्षत्रसङ्ख्या २७ भन्दा बढ्ता भए त्यसलाई २७ ले तष्ट गर्नू (२७ ले भाग लिई शेष मात्र लिनू) । यो योगफल पहिलो फल कहाउँछ ।

पहिलो फललाई २७ नक्षत्रबाट घटाउनू, शेष दोस्रो फल कहाउँछ ।

२ नक्षत्र ११ घडीलाई मासगणले गुन्नू, गुणनफल तेस्रो फल कहाउँछ ।

दोस्रो फल र तेस्रो फलको योग गर्नू, योगफल नक्षत्रध्रुव हुन्छ । नक्षत्रको सङ्ख्या २७ भन्दा बढ्ता भए २७ ले तष्ट गर्नू ।

विश्वनाथको उदाहरण

ख सप्ताष्टयमाः ०।७।२८। चक्र ८निघ्नाः ०।५९।४४। नागाम्भोधि ४८ घटीयुताः १।४७।४४। भ२७शुद्धाः २५।१२।१६। मासाः ५७ द्वाभ्यां २ धूर्जटिभि११विनिघ्नाः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२४।२७। एतैर्भशुद्धाः २५।१२।१६ युताः १४९।३९।१६। इदं सप्तविंशति२७तष्टं जातो नक्षत्रपूर्वको नक्षत्रध्रुवः १४।३९।१६

	नक्षत्र	घडी	पला	
	०।	७।	२८	
			×८	चक्र
	०।	५६।	२२४	
		३	४४	
		५६		
	०।	५६।	४४	

	नक्षत्र	घडी	पला	
	०।	५६।	४४	
		४८।		क्षेपक
पहिलो फल	१।	४७।	४४	

	नक्षत्र	घडी	पला
	२७।		
पहिलो फल	−१।	४७।	४४
दोस्रो फल	२५।	१२।	१६

	नक्षत्र	घडी	
	२।	११	
		×५७	मासगण
	११४।	६२७	
	१०	२७	
	१२४		
तेस्रो फल	१२४।	२७	

	नक्षत्र	घडी	पला
दोस्रो फल	२५।	१२।	१६
तेस्रो फल	१२४।	२७।	
	१४९।	३९।	१६
नक्षत्रध्रुव	१४।	३९।	१६

२७) १४९ (५
१३५
१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ प्रक्रम- पिण्ड (चन्द्रमन्दकेन्द्र) ल्याउने रीति

स्वर्गाः शरा नव २१।५।९ च चक्रहता द्विर्निघ्न-
मासान्विता द्विहृतमासयुता घटीषु।
पिण्डो भवेद् युगकुभिः खचरैः १४।९ समेत-
स्तष्टो गजाश्विभिर्२८रिदं भवतीह चक्रम् ।।३।।

(ग्रहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदार्थ-

स्वर्गाः = २१। शराः = ५। नव = ९। चक्रहताः = चक्रले गुनिएका। (कार्याः = गर्नू)। द्विनिघ्नमासान्विताः = २ ले गुनिएको मासगण जोडिएका। (कार्याः = गर्नू)। घटीषु = घडीसा। द्विहृतमासयुताः = २ ले भाग लिइएको मासगण जोडिएका। (कार्याः = गर्नू। योगः = योगफल।) युगकुभिः = १४। खचरैः = ९। समेतः = जोडिएका। (कार्यः = गर्नू)। पिण्डः = पिण्ड (चन्द्रमन्दकेन्द्र)। भवेत् = हुन्छ। गजाश्विभिः = २८ ले। तष्टः = तष्ट गरिएको। (कार्यः = गर्नू)। इह = यहाँ। गजाश्विभिः = २८ ले। इदम् = यो। चक्रम् = भगणपूर्ति। भवेत् = हुन्छ।

भावार्थ-

२१ पिण्ड ५ घडी ९ पलालाई चक्रले गुन्नू, गुणनफल पहिलो फल हुन्छ। मासगणलाई २ ले गुन्नू, गुणनफल पिण्डरूप फल हुन्छ। मासगणलाई २ ले भाग लिनू, लब्धि घडी हुन्छ। पिण्डरूप फल र घडीको योग गर्नू, योगफल दोस्रो फल हुन्छ। पहिलो फल, दोस्रो फल तथा तेस्रो फल (क्षेपक) १४ पिण्ड ९ घडी जोड्नू, योगफल पिण्डादि पिण्ड हुन्छ। पिण्डको सङ्ख्या २८ भन्दा बढ्ता भए त्यसलाई २८ ले तष्ट गर्नुपर्छ।

विश्वनाथको उदाहरण

स्वर्गाः शरा नव च २१।५।९ चक्र८हताः १६८।४१।१२। द्विनिघ्नमासा११४न्विताः २८२।४१।१२। द्विहृतमासयुता घटीषु। मासाः ५७ द्विभक्ताः फलम् २८।३०। अनेन घटिका युताः २८३।९।४२। ऊर्ध्वस्थाने चतुर्दशभिः १४ घटीस्थाने खचरैः ९ समेताः २९७।१८।४२। ऊर्ध्वाङ्के गजाश्वि२८तष्टे जातः पिण्डः १७।१८।४२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पिण्ड	घडी	पला	
२१।	५।	६	
		×८	चक्र
१६८।	४०।	७२	
	१	१२	
	४१		

	पिण्ड	घडी	पला
पहिलो फल	१६८।	४१।	१२

मासगण ५७
×२
११४ पिण्ड

घडी पला
२) ५७ (२८। ३०
४
१७
१६
१
×६०
१) १
×३०
३०
३०

	पिण्ड	घडी	पला
दोस्रो फल	११४।	२८।	३०

	पिण्ड	घडी	पला
पहिलो फल	१६८।	४१।	१२
दोस्रो फल	११४।	२८।	३०
तेस्रो फल (चेपक)		१४।	६
	२६६।	७८।	४२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६६। ७८। ४२
१ १८
२६७।
१७।

२८) २६७ (१०
२८
१७

	पिण्ड	घडी	पला
पिण्ड	१७।	१८।	४२

५ प्रक्रम– घटयात्मक सूर्यफल ल्याउने रीति

शिव११दश१०वसु८षट्का६ब्ध्य४श्वि२नाड्योऽश्विभात् स्वं
ख०गुण३शर५नगा७ङ्का९शे१०श११दिग्१०दिग्१०नवा९ष्टौ८ ।
रस६गुण३ख०मिनर्क्षादादितेयादृणं स्युर्
द्वि२युग४रस६गजा८ङ्का९शे१०श्वरा११ वैश्वतः स्वम् ।।४।।

(ग्रहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदार्थ–

इनर्क्षात् = सूर्य बसेको नक्षत्र । अश्विभात् = अश्विनीदेखि । स्वम् = धनात्मक । (फलम् = फल) । शिवदशवसुषट्काब्ध्यश्विनाड्यः = ११ घडी, १० घडी, ८ घडी, ६ घडी, ४ घडी, २ घडी । स्युः = हुन्छन् ।

इनर्क्षात् = सूर्य बसेको नक्षत्र । आदितेयात् = पुनर्वसुदेखि । ऋणम् = ऋणात्मक । (फलम् = फल) । खगुणशरनगाङ्काशेशदिग्दिग्नवाष्टौ = ० घडी, ३ घडी, ५ घडी, ७ घडी, ९ घडी, १० घडी, ११ घडी, १० घडी, १० घडी, ९ घडी, ८ घडी । रसगुणखम् = ६ घडी, ३ घडी, ० घडी । स्युः = हुन्छन् ।

इनर्क्षात् = सूर्य बसेको नक्षत्र । वैश्वतः = उत्तराषाढादेखि । स्वम् = धनात्मक । (फलम् = फल) । द्वियुगरसगजाङ्काशेश्वराः = २ घडी, ४ घडी, ६ घडी, ८ घडी, ९ घडी, १० घडी, ११ घडी । स्युः = हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ कोष्ठ

सूर्य बसेको नक्षत्रको सङ्ख्या	सूर्य बसेको नक्षत्र	आउने घटयात्मक फल	सूर्य बसेको नक्षत्रको सङ्ख्या	सूर्य बसेको नक्षत्र	आउने घटयात्मक फल
१	अश्विनी	+११	१५	स्वाति	−१०
२	भरणी	१०	१६	विशाखा	९
३	कृत्तिका	८	१७	अनुराधा	८
४	रोहिणी	६	१८	ज्येष्ठा	६
५	मृगशिरा	४	१९	मूल	३
६	आर्द्रा	+२	२०	पूर्वाषाढा	−०
७	पुनर्वसु	−०	२१	उत्तराषाढा	+२
८	तिष्य	३	२२	श्रवण	४
९	अश्लेषा	५	२३	धनिष्ठा	६
१०	मघा	७	२४	शतभिषक्	८
११	पूर्वफल्गुनी	९	२५	पूर्वभाद्र	९
१२	उत्तरफल्गुनी	१०	२६	उत्तरभाद्र	१०
१३	हस्त	११	२७	रेवती	+११
१४	चित्रा	−१०			

६ प्रक्रम— सूर्यनक्षत्र ल्याउने रीति

वेद ४ घ्नेष्टतिथिर्युतार्करेभागा
योज्या भध्रुवनाडिकासु तत् स्यात् ।
सूर्यर्क्षं विगतं ततोऽर्कजाढ्य-
नाडीहीनयुतं स्फुटं भवेत् तत् ॥५॥

(गृहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदार्थ—

वेदघ्नेष्टतिथिः = ४ ले गुनिएको इष्ट तिथि । युतार्कभागा = आफ्नो बाह्रौं भाग जोडिएको छँदो । भध्रुवनाडिकासु = नक्षत्रध्रुवका घडीमा । योज्या = जोड्नू । तत् = त्यो । विगतम् = गत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूर्यर्क्षम् = सूर्यनक्षत्र। स्यात् = हुन्छ। ततः = त्यसपछि। अर्कजाख्यनाडीहीनयुतम् = घटयात्मक सूर्यफल घटेको वा जोडिएको। (कार्यम् = गर्नु)। तत् = त्यो। स्फुटम् = स्पष्ट। भवेत् = हुन्छ।

भावार्थ-

इष्ट चान्द्र महीनाको शुक्लादि तिथिको सङ्ख्यालाई ४ ले गुन्नू। गुणनफललाई १२ ले भाग लिई लब्धि सोही गुणनफलमा जोड्नू। योगफल घटयात्मक हुन्छ। अघि आएको नक्षत्र-ध्रुवमा यो फल जोड्नू। यो योगफल इष्ट तिथिको नक्षत्रादि सूर्यनक्षत्र हुन्छ। यो सूर्यनक्षत्र मध्यम हुन्छ। ५ प्रक्रममा बताएअनुसार सूर्यनक्षत्रको फल ल्याई सो फल मध्यम नक्षत्रको घडीमा धन भए जोड्नू, ऋण भए घटाउनु। सूर्यको नक्षत्रादि स्पष्ट नक्षत्र आउँछ।

विश्वनाथको उदाहरण

इष्टतिथिः १५। वेद४घ्नः ६०। स्वद्वादशांशेन ५ युतः ६५। भध्रुवः १४।३९।१६ नाडिकायोजितो जातं गतं सावयवं सूर्यर्क्षम् १५।४४।१६। अत्र रविर्विशाखानक्षत्रे वर्तते। तथाऽर्कजाख्या घट्यः ९ ऋणम्। अथाऽर्कजाख्यघटीनां स्फुटीकरणम्। विशाखाघटी९अनु-राधाघटी८नामन्तरम् १। अनेन सूर्यनक्षत्रघट्यादि ४४।१६ गुणितं जातं तदेव ४४।१६। षष्टिभक्तं फलम् ०।४४। अग्रिमस्य क्षयत्वादृणम्। अनेन संस्कृता जाताः स्फुटार्कजा घट्यः ९ ऋणसंज्ञकाः ८।१६। आभिः सूर्यनक्षत्रं १५।४४।१६ हीनं जातं स्पष्टं सूर्य-नक्षत्रम् १५।३६।०

३ प्रक्रममा कार्तिकशुक्ल प्रतिपद्को प्रारम्भको नक्षत्रध्रुव १४ नक्षत्र ३६ घडी १६ पला ल्याइएको छ।

अभीष्ट तिथि पूर्णिमा भएकोले शुक्लादि इष्टतिथिको सङ्ख्या १५ भयो।

इष्टतिथि × ४ = १५ × ४ = ६०

६० ÷ १२ = ५

६० + ५ = ६५ घडी = १ नक्षत्र ५ घडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

	नक्षत्र	घडी	पला
अघि आएको नक्षत्रध्रुव	१४।	३६।	१६
अहिले आएको फल	+ १।	८	
सूर्यको मध्यम नक्षत्र	१५।	४४।	१६

यताबाट १५ नक्षत्र भोग गरिसकी सोह्रौँ नक्षत्र विशाखामा सूर्य बसेका देखिन्छन्। १ कोष्ठअनुसार सोह्रौँ नक्षत्र विशाखाको फल ऋण ६ घडी हुन्छ। त्यसपछिको अनुराधा नक्षत्रको फल ऋण ८ घडी हुन्छ। यी दुइको अन्तर १ हुन्छ। १ नक्षत्रले अर्थात् ६० घडीले त १ अन्तर पाइन्छ भने सूर्यनक्षत्रको घट्यादि ४४।१६ ले कति पाइएला भनी त्रैराशिक गर्दा आउने

$$\text{अन्तर} = \frac{१ (४४।१६)}{३०} = \frac{४४।१६}{६०}$$

$$= ०।४४।१६$$

फल घट्तै आएको हुनाले यो अन्तर ऋणात्मक हुन्छ।

	घडी
विशाखा नक्षत्रको फल	६
आएको अन्तर	− ०।४४
	८।१६

यो फल ऋणात्मक छ। यस कारण

	नक्षत्र	घडी	पला
सूर्यनक्षत्र मध्यम	१५।	४४।	१६
फल	−	८।	१६
सूर्यनक्षत्र स्पष्ट	१५।	३६।	०

७ प्रक्रम- पिण्ड तथा घट्यात्मक पिण्डफल ल्याउने रीति

पिण्डे युक्ततिथौ तदाद्यमनुषु१४ स्वं शेषपिण्डेस्वृणं
विश्वेन्द्वो १३।१श्च शरा ५ दशा१०र्कयमयोः१२।२ पञ्चेन्दव१५स्त्रीशयोः ३।११ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोचन्द्रा१९ दशवेदयो१०।४ र्यमयमाः२२ पञ्चाङ्कयोः ५। ९स्युर्जिनाः २४ षड्वस्वो६।८श्च नगे ७ तु तत्त्व२५घटिकाः शक्रे१४ च खं० पिण्डजाः ।।६।।

(गृहलाघव पञ्चाङ्गचन्द्रगृहणानयनाधिकर)

पदार्थ–

पिण्डे = पिण्ड । युक्ततिथौ = तिथि जोडिएको । (कृते सति= गरे छँदामा) । तदाद्यमनुषु= योगफलरूप पिण्डको चौधौँ सङ्ख्यासम्म । (फलम्= फल) । स्वम्= धनात्मक । (स्यात्= हुन्छ) । शेषपिण्डेषु= बाँकी रहेका पिण्डमा । (फलम्= फल) ।ऋणम् = ऋणात्मक । स्यात्= हुन्छ ।. विश्वेन्द्वोः= पिण्डको सङ्ख्या १ तथा १३ भएमा । पिण्डजाः= पिण्डबाट भएका । घटिकाः= घडी । शराः= ५। (स्युः= हुन्छन्) । अर्कयमयोः= पिण्डको सङ्ख्या २ तथा १२ भएमा । पिण्डजाः= पिण्डबाट भएका । घटिकाः= घडी । दश= १० । (स्युः= हुन्छन्) । त्रीशयोः= पिण्डको सङ्ख्या ३ तथा ११ भएमा । पिण्डजाः= पिण्डबाट भएका । घटिकाः= घडी । पञ्चेन्दवः= १५ । (स्युः= हुन्छन्) । दशवेदयोः= पिण्डको सङ्ख्या ४ तथा १० भएमा । पिण्डजाः = पिण्डबाट भएका । घटिका := घडी । गोचन्द्राः= १९ । (स्युः=हुन्छन्) । पञ्चाङ्कयोः = पिण्डको सङ्ख्या ५ तथा ९ भएमा । पिण्डजाः= पिण्डबाट भएका । घटिकाः= घडी । यमयमाः= २२ । (स्युः= हुन्छन्) । षड्वस्वोः= पिण्डको सङ्ख्या ६ तथा ८ भएमा । पिण्डजाः= पिण्डबाट भएका । घटिकाः= घडी । जिनाः= २४ । स्युः= हुन्छन् । नगे= पिण्डको सङ्ख्या ७ भएमा । पिण्डजाः= पिण्डबाट भएका । तत्त्वघटिकाः= २५ घडी । (स्युः= हुन्छन्)। शक्रे= पिण्डको सङ्ख्या १४ भएमा । पिण्डजम्= पिण्डबाट भएको । (फलम्= फल) । खम्= ० । (स्यात्= हुन्छ ।)

भावार्थ–

शुक्लपक्षको प्रतिपद्को प्रारम्भमा अघि आएको पिण्डादिको सङ्ख्यामा इष्टतिथिको सङ्ख्या जोड्नू, इष्टतिथिको पिण्डादि पिण्ड आउँछ । पिण्डको सङ्ख्या २८ भन्दा बढ्ता भएमा त्यसलाई २८ले तष्ट गर्नू (२८ ले भाग लिई शेष मात्र लिनू)। बाँकी रहेको पिण्डलाई उपकरण मानी २ कोष्ठबाट फल ल्याउनू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ कोष्ठ

पिण्डका सङ्ख्या	पिण्डबाट आउने घट्यात्मक फल	पिण्डका सङ्ख्या	पिण्डबाट आउने घट्यात्मक फल
१	+ ५	१५	− ५
२	१०	१६	१०
३	१५	१७	१५
४	१९	१८	१९
५	२२	१९	२२
६	२४	२०	२४
७	२५	२१	२५
८	२४	२२	२४
९	२२	२३	२२
१०	१९	२४	१९
११	१५	२५	१५
१२	१०	२६	१०
१३	५	२७	५
१४	+ ०	२८=०	− ०

विश्वनाथको उदाहरण

पिण्ड: १७।१८।४२। इष्टतिथि १५ युक्त: ३२।१८।४२। चक्राधिकत्वादष्टावशत्या तष्ट: कृत: ४।१८।४२। अत्र दशवेदयोर्गोचन्द्रा इत्युक्तत्वात् पिण्डघट्य एकोनविंशति: १९। ऊर्ध्वाङ्कस्य प्रथमचतुर्दशमध्ये स्थितत्वाद् धनम् । अथ पिण्डघटीस्फुटीकरणम् । अग्रिमपिण्डघट्य: २२। आसामन्तरम् ३। अनेन पिण्डाध:स्थघटिकादि १८।४२ गुणितम् ५६।६। षष्टिभक्तं फलम् ०।५६। अग्रिमस्या ऽधिकत्वाद् धनम् । अनेन संस्कृता जाता: स्पष्टा: पिण्डघटिका धनसंज्ञका: १९।५६।

४ प्रक्रमअनुसार १७ पिण्ड १८ घडी ४२ पला आएको छ। इष्टतिथि पूर्णिमाको सङ्ख्या १५ भएकोले १५ लाई पिण्डको प्रथमसङ्ख्या १७ सा जोड्दा पिण्ड ३२।१८।४२ हुन आयो। यहाँ पिण्डको सङ्ख्या ३२ पिण्डको चक्रसङ्ख्या २८ भन्दा बढ्ता भएकोले ३२ लाई २८ ले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तष्ट गर्दा (२८ ले भाग लिई शेष मात्र लिँदा) ४ बाँकी रह्यो। यस कारण ४ पिण्ड १८ घडी ४२ पला भयो।

२ कोष्ठअनुसार

५ पिण्डको फल	+ २२
४ पिण्डको फल	+ १९
अन्तर	+ ३

६० घडीले त ३ अन्तर पाइन्छ भने १८ घडी ४२ पलाले कति अन्तर पाइएला भनी त्रैराशिक गर्दा

१८।४२
×३
५६।६

घडी पला
६०) ५६।६ (०। ५६
५ ६०
३३६०
+ ६
३३६६
३००
३६६
३६०
६

घडी पला
१९।
+ ०। ५६
१९। ५६

यस कारण पिण्डको पला धनात्मक १९ घडी ५६ पला भयो।

८ प्रक्रम– इष्टतिथिको समाप्तिकाल ल्याउने रीति

वारेषु तिथिर्देया हेया नाडीषु जायते मध्या।
रविजापिण्डफलाभ्यां सुसंस्कृता स्पष्टतां याति ॥७॥

(ग्रहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पदार्थ-

वारेषु= वारको सङ्ख्यामा । तिथिः= तिथिको सङ्ख्या । देया= जोड्नू । नाडीषु= घडीको सङ्ख्यामा । तिथिः= तिथिको सङ्ख्या । हेया= घटाउनू । मध्या= तिथिको मध्यमसमाप्तिकाल । जायते= हुन्छ ।:(सा= त्यो तिथिको सो मध्यमसमाप्तिकाल)। रविजापिण्ड-फलाभ्याम् = सूर्यफल र पिण्डफलले । सुसंस्कृता= संस्कार गरिएको छँदो । स्पष्टताम् = स्पष्ट हुन । याति= पुग्दछ ।

भावार्थ-

२ प्रक्रमअनुसार आएको वार घडी पला लेखी वारको सङ्ख्यामा इष्ट तिथिको सङ्ख्या जोड्नू । घडीको सङ्ख्याबाट इष्टतिथिको सङ्ख्या घटाउनू । आएको वारादि इष्ट तिथिको समाप्तिकाल हुन्छ ।।यो समाप्तिकाल मध्यम हुन्छ । ५ प्रक्रमअनुसार आएको सूर्यको घट्यादि फल मध्यम तिथिको घट्यादिमा धन भए जोड्नू, ऋण भए घटाउनू, यसै गरी ७ प्रक्रमअनुसार आएको पिण्डको घट्यादि फल पनि त्यसमा धन भए जोड्नू, ऋण भए घटाउनू, इष्ट तिथिको स्पष्ट समाप्तिकाल आउँछ ।

विश्वनाथको उदाहरण

वारादिकम् ४।३५।६। वारास्तिथि१५युक्ताः १९। नाडीषु ३५हीनास्तथा कृते जातम् १९।२०।६। वाराः सप्ततष्टा जाता मध्यमा तिथिः ५।२०।६। रविनाडी ८।१६ हीना ५।११।५०। पिण्डघटी१९।५६युक्ता जाता स्पष्टा तिथिः ५।३१।४६।

२ प्रक्रमअनुसार आएको कार्तिकशुक्ल प्रतिपद्को प्रारम्भकाल

वार	घडी	पला
४।	३५।	६

इष्ट तिथि १५ भएकोले

	वार	घडी	पला
	४।	३५।	६
+	१५।	-१५	
इष्ट तिथिको समाप्तिकाल	१९।	२०।	६

वारको सङ्ख्या ७ भन्दा बढ्ता भएकोले त्यसलाई ७ ले तष्ट गर्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

		वार	घडी	पला
कार्तिकशुक्ल पूर्णिमाको मध्यम समाप्तिकाल		५।	२०।	६
५ प्रक्रमअनुसार आएको सूर्यको फल	−		८।	१६
		५।	११।	५०
७ प्रक्रमअनुसार आएको पिण्डको फल	+		१९।	५६
		५।	३१।	४६

यताबाट कार्तिकशुक्ल पर्णिमाको समाप्ति बृहस्पतिवार ३१ घडी ४६ पलामा हुने भयो ।

९ प्रक्रम– इष्ट तिथिको नक्षत्र तथा त्यसको समाप्तिकाल ल्याउने रीति

स्याद् भं केवलयोस्तिथिध्रुवभयोर्योगे तिथेर्नाडिका
युक्ता व्यङ्गलवै द्विर२निघ्नतिथिना व्यस्तार्कजासंस्कृताः ।
नाडीभिर्ध्रुवभस्य चेद् न वियुतास्तद्हीनषष्टय६०न्विताः
सैक १ भं घटिका वियत्षड६०धिकाः षष्टयू६०निता व्येक१भम् ।।८।।

(गृहलाघव पञ्चाङ्गचन्द्रगृहणानयनाधिकार)

पदार्थ–

केवलयोः= निरवयव । तिथिध्रुवभयोः= तिथि र नक्षत्रध्रुवको । योगे= जम्मा । (कृते सति= गरे छँदामा) । भम् = नक्षत्र । स्यात् = हुन्छ । तिथेः= तिथिको । नाडिकाः= घडी । व्यङ्कलवद्विनिघ्नतिथिना= आफ्नो छैटौँ भाग घटेको द्विगुणित तिथिले। युक्ताः= जोडिएका। (कार्याः= गर्नू)। व्यस्तार्कजासंस्कृताः=सूर्यका फल उल्टो संस्कार गरिएका। (कार्याः= गर्नू)। ध्रुवभस्य=नक्षत्रध्रुवको। नाडीभिः= घडीले । वियुताः=घटेका । (कार्याः= गर्नू) । न वियुताः चेत्= घटेनन् भने। तद्धीनषष्ट्यन्विताः= ती घडी घटेका ६० घडीले जोडिएको। (कार्याः= गर्नू)। तदा = त्यस अवस्थामा) । भम् = नक्षत्र । सैकम् = एक जोडिएको (कार्यम् =गर्नू)। घटिकाः= नक्षत्र घडी। वियत्षडधिकाः= ६० भन्दा बढ्ता भएमा । षष्टयूनिताः = ६० घटेका । (कार्याः= गर्नू । तदा= त्यस अवस्थामा)। व्येकभम् = नक्षत्र १ घटेको ।(कार्यम्= गर्नू) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा ११ वर्ष

भावार्थ–

नक्षत्रध्रुवको नक्षत्रसङ्ख्यामा इष्ट तिथिको सङ्ख्या जोड्नू, इष्ट दिनका नक्षत्र आउँछ। नक्षत्रको सङ्ख्या २७ भन्दा बढ्ता भएमा त्यसलाई २७ ले तष्ट गर्नू। इष्ट तिथिको सङ्ख्यालाई २ ले गुनी गुणनफललाई ६ ले भाग लिई लब्धिलाई गुणनफलबाट घटाउनू। शेष घडी पला हुन्छ। तिथिको घडी पलामा यो शेष घडी पला जोड्नू। योगफलमा ५ प्रक्रम-अनुसार सूर्यको फल उल्टो संस्कार गर्नू अर्थात् धन भए घटाउनू, ऋण भए जोड्नू। यति गरेर आएको फल पहिलो फल कहाउँछ। पहिलो फलको घडी पलाबाट नक्षत्रध्रुवको घडी पला घटाउनू। शेष इष्ट नक्षत्रको घडी पला हुन्छ। केही गरी पहिलो फलको घडी पलाबाट नक्षत्रध्रुवका घडी पला नघटेमा नक्षत्रध्रुवका घडी पलालाई ६० घडीबाट घटाई शेषलाई पहिलो फलमा जोड्नू। यस अवस्थामा नक्षत्रको सङ्ख्या १ बढ्ता हुन्छ। नक्षत्रको घडी ६० भन्दा बढ्ता हुन आएमा त्यस घडीको सङ्ख्याबाट ६० घटाउनुपर्छ। त्यस अवस्थामा नक्षत्रको सङ्ख्या १ कम हुन्छ।

विश्वनाथको उदाहरण

भध्रुवकः १४। इष्टतिथिः १५। अनयोर्योगः २९। सप्तविंशति२७तष्टो जातं २ भरणीनक्षत्रम्। तिथिघटिकाः ३१।४६। तिथि१५द्विनिघ्नी ३०। स्वाङ्गलव५हीना २५। अनेन तिथिघटिका युक्ताः ५६।४६। अर्कजा घटी ऋणम् ८।१६। व्यस्त इत्युक्तत्वाद् धनं कृत्वा ६५।२। नक्षत्रध्रुवनाडी३९।१६भि-र्वियुता जाता नक्षत्रघटिकाः २५।४६।

३ प्रक्रमअनुसार नक्षत्रध्रुव १४ नक्षत्र ३९ घडी १६ पला आएको छ।

निरवयव नक्षत्रसङ्ख्या १४ भयो। इष्टतिथि पूर्णिमा हुनाले तिथिसङ्ख्या १५ भयो। १४+१५=२९। नक्षत्रसङ्ख्या २९ भयो। नक्षत्रसङ्ख्या २७ भन्दा बढ्ता भएकोले त्यसलाई २७ ले तष्ट गर्दा २ बाँकी रह्यो। यस कारण इष्ट दिनको नक्षत्र भरणी भयो।

इष्टतिथि १५
×२
———
३०

६) ३० (५
३०
———

३०−५=२५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ प्रक्रमअनुसार आएको इष्टतिथिको वारादि

	वार	घडी	पला
	५।	३१।	४६
+		२५।	
	५।	५६।	४६

५ प्रक्रमअनुसार सूर्यको फल ८ घडी १६ पला ऋणात्मक आएको छ। उल्टो संस्कार गर्नू भनेकोले ऋणलाई जोड्नुपर्‍यो।

		वार	घडी	पला
		५।	५६।	४६
	+		८।	१६
		५।	६५।	२
नक्षत्रध्रुवको अवयव =	−		३६।	१६
		५।	२५।	४६

यताबाट बृहस्पतिवार २५ घडी ४६ पलामा भरणीको समाप्ति हुने देखियो।

१० प्रक्रम – इष्ट तिथिको योग तथा त्यसको समाप्तिकाल ल्याउने रीति

सूर्यभेन्दुभयुतिर्भवेद् युतिस्तद्घटीविवरमत्र नाडिकाः।
चेद् द्युभेऽल्पघटिकास्तदा सकु१र्योगकोऽस्य घटिकाः खषट्६०च्युताः ॥९॥

(गृहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदाथ–

सूर्यभेन्दुभयुतिः = सूर्यनक्षत्र र चन्द्रनक्षत्रको योगफल। युतिः = योग। भवेत् = हुन्छ। तद्घटीविवरम् = सूर्यनक्षत्रको घट्यादि र चन्द्रनक्षत्रको घटयादिको अन्तर। अत्र = यहाँ (योगमा)। नाडिकाः = घडी। (स्युः = हुन्छन्)। द्युभे = चन्द्रनक्षत्रमा। अल्पघटिकाः = थोरै घडी। स्युः चेद् = भए भने। तदा = त्यस बखत। योगकः = योग। सकुः = १ जोडिएको। (कार्यः = गर्नू)। अस्य = योगका। घटिकाः = घडी। खषट्च्युताः = ६० घडीबाट घटेका। (कार्याः = गर्नू)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भावार्थ-

सूर्यनक्षत्रको सङ्ख्या तथा त्यस दिनको नक्षत्रसङ्ख्याको योग गर्नू । योगफल त्यस तिथिको योग हुन्छ । योगको सङ्ख्या २७ भन्दा बढ्ता भएमा त्यसलाई २७ ले तष्ट गर्नू । सूर्यनक्षत्रको घट्यादि र त्यस दिनको नक्षत्रको घट्यादिको अन्तर गर्नू, शेष त्यस दिनको योगको घट्यादि हुन्छ । सूर्यनक्षत्रको घट्यादिभन्दा त्यस दिनको नक्षत्रको घट्यादि थोरै हुन आएमा अघि आएको योगमा १ बढाउनुपर्छ । अघि आएको शेष घट्यादिलाई चाहिँ ६० घडीबाट घटाउनुपर्छ ।

विश्वनाथको उदाहरण

सूर्यभम् १५। चन्द्रभम् २। अनयोर्योग: १७ । जातो व्यतीपातयोग: । अथ घटिकानयनम् । सूर्यनक्षत्रघटिका: ३६।०। चन्द्रनक्षत्रघटिका: २५।४६। अनयोरन्तरे जाता योगघटिका: १०।१४। अत्र दिननक्षत्रघटिका: सूर्यनक्षत्रघटिकातोऽल्पा: सन्ति इति कारणात् । योगाङ्क एकयुक्तो योगो जातो वरीयान् योग: । पूर्वानीतघटिका: १०।१४। खषट्च्युता जाता: परिघयोगस्य घटिका: ४९।४६।

सूर्यनक्षत्र

नक्षत्र	घडी	पला	
१५।	३६।	०	(६ प्रक्रममा आएको)

चन्द्रनक्षत्र (दिननक्षत्र)

नक्षत्र	घडी	पला	
२।	२५।	४६	(६ प्रक्रममा आएको)

सूर्यनक्षत्र	१५
त्यस दिनको नक्षत्र	+ २
	१७ त्यस दिनको योग १७ (व्यतीपातयोग)

	घडी	पला
सूर्यनक्षत्रको	३६।	०
त्यस दिनको नक्षत्रको	− २५।	४६
	१०।	१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ सूर्यनक्षत्रको घट्यादिभन्दा त्यस दिनको नक्षत्रको घट्यादि थोरै छ । यस कारण योगको सङ्ख्या १७ मा १ जोड्दा १८ वरीयान् हुने भयो ।

	घडी	पला
	६० ।	०
अघि आएको योगको	– १० ।	१४
	४९ ।	४६

यस कारण त्यस दिनको योग वरीयान् हुने भयो तथा परिघयोगको ४९ घडी ४६ पला हुने भयो ।

११ प्रक्रम– राश्यादि स्पष्टसूर्य ल्याउने रीति

वेद४घ्नगो९हृद् रविभुक्तधिष्ण्यं
तिथ्यन्तजोऽर्को गृहपूर्वकः स्यात् . . . ॥११॥

(ग्रहलाघव पञ्चाङ्गचन्द्रग्रहणानयनाधिकार)

पदार्थ–

रविभुक्तधिष्ण्यम् =सूर्यले भोग गरेको नक्षत्र । वेदघ्नगोहृत् =४ ले गुनी ९ ले भाग लिइएको । (कार्यम् = गर्नू)। तिथ्यन्तजः = तिथ्यन्तकालका । गृहपूर्वकः = राश्यादि । अर्कः = सूर्य । स्यात् = हुन्छन् ।

भावार्थ–

६ प्रक्रमबाट आएको सूर्यको स्पष्ट नक्षत्रलाई ४ ले गुनी ९ ले भाग लिनू , तिथ्यन्तकालका राश्यादि स्पष्टसूर्य हुन्छन् ।

विश्वनाथको उदाहरण

रविभुक्तधिष्ण्यम् १५।३६।० वेद४घ्नम् ६२।२४।० नवभक्तं फल राशयः ६।
शेषम् ८।२४।०। त्रिंशद्गुणम् २५२।०।०। नवभक्तं फलं भागाः २८।
शेषम् ०।०। षष्टिगुणम् ०।० नवभक्तं फलं कला ०। एवं विकला ०। एवं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जातस्तिथ्यन्तकाले राश्यादिः सूर्यः ६।२८।०।०।

६ प्रक्रमबाट आएको

	नक्षत्र	घडी	पला
स्पष्ट सूर्यनक्षत्र	१५।	३६।	०

```
न.  घ.  प.
१५।  ३६। ०
       × ४
─────────────
६०। १४४। ०
 २     २४
───
६२
```

६२।२४। ०

```
             राशि  अंश
६ ) ६२।२४ (   ६।   २८
   ५४
   ───
    ८।२४
   × ३०
   ──────
   २४०।७२०
    १२
   ──────
   २५२।०
    १८
    ──
     ७२
     ७२
   ────
```

यस कारण

रा.	अं.	क.	वि.	
६।	२८।	०।	०	स्पष्टसूर्य

२ उदाहरण

वि. सं. २०३५ फाल्गुनशुक्ल पूर्णिमा मङ्गलवारको पञ्चाङ्ग ल्याइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ प्रक्रमअनुसार मासगण ल्याइन्छ ।

```
वि. सं. २०३५
      - १३५
शाके  १९००
      - १४४२
  ११ ) ४५८ वर्षगण ( ४१ चक्र
       ४४
        १८
        ११
         ७ शेष
       × १२
        ८४
गतमास  + ११
सौरमासगण ९५
अधिमास  +  ५
चान्द्रमासगण ( मासगण ) १००
```

चैत्र	१	४१ चक्र
वैशाख	२	× २
ज्येष्ठ	३	८२
आषाढ	४	+ १०
श्रावण	५	९२
भाद्र	६	+ ९५ सौरमासगण
आश्विन	७	३३) १८७ (५ अधिमास
कार्तिक	८	१६५
मार्ग	९	२२
पौष	१०	
माघ	११	

यस वर्ष अधिमास परेको छैन ।

२ प्रक्रमअनुसार वारादि ल्याइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा ११ वर्ष

दिन
२) १०० (५०
१००

मासगण दिन १००
\+ ५०
१५० पहिलो फल

घडी
१५० दोस्रो फल

घ. प.
३) १०० (३३। २० तेस्रो फल
९
१०
९
१
× ६०
१) १
× २०
२०
३०

दिन घडी पला
५। ६। ३६
× ४१ चक्र
२०५। ३६६। १४७६
६ २४ ३६
२११ ३६३
३३
२११। ३३। ३६ चौथो फल

	दिन	घडी	पला
पहिलो फल	१५०		
दोस्रो फल		१५०	
तेस्रो फल		३३।	२०
चौथो फल	२११।	३३।	३६
पाँचौँ फल	२।	३	
	३६३।	२१६।	५६

क्षेपक

३ ३६
३६६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

	वार	घडी	पला
	२।	३६।	५६
काठमाडौँको रेखान्तर +		१।	६
	२।	४१।	५

यताबाट फाल्गुनशुक्ल प्रतिपद्‌को प्रारम्भ सोमवार ४१ घडी ५ पलाउप्रान्त हुने देखिन्छ । यो मध्यममान हो ।

३ प्रक्रमअनुसार नक्षत्रध्रुव ल्याइन्छ ।

	न.	घ.	प.	
	०।	७।	२८	
			× ४१	चक्र
	०।	२८७।	११४८	
		१९	८	
		३०६		
	५।	६।	८	
क्षेपक		+ ४८।		
	५।	५४।	८	पहिलो फल

	न.	घ.	प.	
	२७।			
−	५।	५४।	८	
	२१।	५।	५२	दोस्रो फल

न.	घ.	
२।	११	
	× १००	मासगण
२००।	११००	
१८	२०	
२१८		
२१८।	२०	तेश्रो फल

	न.	घ.	प.
दोस्रो फल	२१।	५।	५२
तेस्रो फल	२१८।	२०	
	२३९।	२५।	५२

२७) २३९ (८
 २१६
 २३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

न. घ. प.
२३। २५। ५२ नक्षत्रध्रुव

यताबाट फाल्गुनशुक्ल प्रतिपद्को प्रारम्भकालमा तेइसौँ नक्षत्र धनिष्ठा सिद्धिई चौबीसौँ नक्षत्र शतभिषक्को २५ घडी ५२ पला बितेको देखिन्छ।

यो मध्यममान हो।

४ प्रक्रमअनुसार पिण्ड (चन्द्रकेन्द्र) ल्याइन्छ।

पिण्ड	घडी	पला	
२१।	५।	६	
		× ४१	चक्र
८६१।	२०५।	३६६	
३	६	६	
८६४	२११		
	३१		
८६४।	३१।	६	पहिलो फल

१०० मासगण
× २
२००

२) १०० मासगण (५० -
१००

पिण्ड घडी
२००। ५० दोस्रो फल

	पिण्ड	घडी	पला	
पहिलो फल	८६४।	३१।	६	
दोस्रो फल	२००।	५०		
तेस्रो फल	१४।	६		क्षेपक
	१०७६।	३०।	६	
	१५।	३०।	६	

CC-0. Nepal Sanskrit Academy, Kathmandu


```
२८ ) १०७६ ( ३८
      ८४
     ----
      २३६
      २२४
     ----
       १५
```

पिण्ड	घडी	पला
१५।	३०।	६

६ प्रक्रमअनुसार सूर्यनक्षत्र ल्याइन्छ ।

```
इष्टतिथि  १५
           ×४
          ----
   १२ )  ६० ( ५
          ६०
         ----
```

```
   ६०
 + ५
 ----
   ६५
```

न.	घ.	प.	
२३।	२५।	५२	नक्षत्रध्रुव
+ १।	५।		
२४।	३०।	५२	मध्यम सूर्यनक्षत्र

यताबाट चौबीसौँ नक्षत्र शतभिषक् बिती पच्चीसौँ नक्षत्र पूर्वभाद्रको ३० घडी ५२ पला- मा सूर्य बसेका देखिन्छन् ।

यो मध्यम गणना हो ।

अब सूर्यनक्षत्र स्पष्ट गरिन्छ ।

१ कोष्ठबाट

उत्तरभाद्र नक्षत्रको सूर्यको घडी	+	१०
पूर्वभाद्र नक्षत्रको सूर्यको घडी	+	६
अन्तर	+	१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६० : १ : : ३०।५२ :क

$$\frac{१ \times (३०।५२)}{६०} = \frac{३०।५२}{६०} = \overset{घ.}{०।} \; \overset{प.}{३१}$$

```
                         घ,  प.          घ.  प.
६० ) ३०।५२ ( ०। ३१                         ६।
   × ६०                               +  ०।  ३१
     १८००                              ६।  ३१  सूर्यफल धन
   +   ५२
     १८५२
     १८०
       ५२
```

न.	घ.	प.	
२४।	३०।	५२	मध्यम सूर्यनक्षत्र
+	६।	३१	सूर्यफल
२४।	४०।	२३	स्पष्ट सूर्यनक्षत्र

७ प्रक्रमअनुसार इष्टतिथिको पिण्ड तथा पिण्डफल ल्याइन्छ ।

	पिण्ड	घडी	पला
४ प्रक्रमअनुसार आएको	१५।	३०।	६
इष्टतिथि	+ १५		
	३०।	३०।	६
	− २८।		
	२।	३०।	६

२ कोष्ठबाट

पिण्ड	फल घडी
३	+ १५
२	+ १०
अन्तर	+ ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६०: ५ :: ३०१६ :क

$$\frac{५ \times (३०१६)}{६०} = \frac{३०१६}{१२} = २।\ ३१ \quad (\text{घ. प.})$$

```
              घ.  प.
१२) ३०१६ ( २।  ३१
     २४
     ──
      ६
     ६०
     ──
    ३६०
+     ६
   ────
    ३६६
    ३६
   ────
      ६
```

	घ.	प.	
	१०।		
+	२।	३१	
	१२।	३१	पिण्डफल धन

८ प्रक्रमअनुसार इष्टतिथिको समाप्तिकाल ल्याइन्छ ।

		वा.	घ.	प.
२ प्रक्रमअनुसार आएको फाल्गुनशुक्ल प्रतिपद्को प्रारम्भको		२।	४१।	५
इष्टतिथि	+	१५।	–	१५
		१७।	२६।	५
फाल्गुनशुक्ल पूर्णिमाको समाप्तिकाल मध्यममानले)		३।	२६।	५
६ प्रक्रमबाट आएको सूर्यफल	+		६।	३१
७ प्रक्रमबाट आएको पिण्डफल	+		१२।	३१
		३।	४८।	७

यताबाट फाल्गुनशुक्ल पूर्णिमाको समाप्ति मङ्गलवार ४८ घडी ७ पलामा हुने देखियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ प्रक्रमअनुसार नक्षत्रसाधन गरिन्छ ।

	न.	घ.	प.	
नक्षत्रध्रुव	२३।	२५।	५२	३ प्रक्रमबाट आएको

नक्षत्र २३
तिथि १५
२७) ३८ (१
२७
११

∴ पूर्वफाल्गुनी भयो ।

तिथि १५ × २ = ३०; ६) ३० (५, ३०

३० − ५ = २५

	वा.	घ.	प.	
पूर्णिमा तिथिको	३।	४८।	७	८ प्रक्रमबाट आएको
+		२५।		
	३।	७३।	७	

	घ.	प.	
सूर्यफल	६।	३१	धन

सूर्यफल धन आएको छ । यहाँ उल्टो संस्कार गर्नुपर्ने हुनाले ऋण भयो ।

	वा.	घ.	प.
	३।	७३।	७
सूर्यफल −		६।	३१
	३।	६३।	३६
नक्षत्रध्रुवको −		२५।	५२
	३।	३७।	४४

फल्गुनी नक्षत्रको समाप्ति मङ्गलवार ३७ घडी ४४ पलामा हुने भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१० प्रक्रमअनुसार योगसाधन गरिन्छ ।

	न.	घ.	प.	
सूर्यनक्षत्र	२४।	४०।	२३	६ प्रक्रमअनुसार आएको
चन्द्रनक्षत्र	११।	३७।	४४	६ प्रक्रमअनुसार आएको

सूर्यनक्षत्र २४
चन्द्रनक्षत्र + ११
२७) ३५ (१
२७
८

आठौँ योग अर्थात् धृति आयो ।

	घडी	पला
सूर्यनक्षत्रको	४०।	२३
चन्द्रनक्षत्रको -	३७।	४४
इष्टयोगको घडी पला	२।	३९

